प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेश बुटवल, नेपाल

**सूचना नं. २१४/०८२-०८३** **मिति: २०८२।१२।२२**

## आ.व. २०८१-०८२ का अधिकृतस्तर आठौं र सातौं तहका स्थगित विज्ञापन पुन: सञ्चालन हुने सम्बन्धमा ।

यस आयोगबाट सूचना नं. १०१/२०८१-०८२, मिति २०८१/०६/३० गते अधिकृतस्तर आठौं र सातौं तहका तपसिलमा उल्लिखित विज्ञापन नं., सेवा, समूह, उपसमूह र पदमा दरखास्त आव्हान गरी दरखास्त पेश गर्ने सिंगल दस्तुर अन्तिम मिति २०८१/०७/२० र दोब्बर दस्तुर अन्तिम मिति २०८१/०७/२७ तोकिएकोमा सम्मानित सर्वोच्च अदालतबाट उक्त सूचनाबाट विज्ञापन प्रकाशन गरिएका सबै सेवा, समूह र उपसमूहका रिक्त पदहरूको स्थायी पदपूर्ति सम्बन्धी कुनै पनि काम कारबाही अगाडि नबढाई यथास्थितिमा राख्नू भनी मिति २०८१/०७/१३ गते यस आयोगको नाउँमा जारी भएको उत्प्रेषण अन्तरकालीन आदेशको कार्यान्वयनका लागि आयोगले मिति २०८१/०७/२३ गते सूचना नं. ११०/२०८१-०८२ बाट उल्लिखित सूचना नं. १०१/२०८१-०८२ का सबै विज्ञापनहरूको परीक्षा कार्यक्रम सम्बन्धी सम्पूर्ण कामकारबाही स्थगित गरेको थियो ।

सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२ साउन २१ गते उल्लिखित मुद्दा नं. ०८१-wo-०४८३ को रिट खारेज भएको र सोको उत्प्रेषण हालै मात्र आयोगमा प्राप्त हुन आएको हुँदा स्थगित उक्त विज्ञापनहरूको परीक्षा कार्यक्रम लगायतका सबै काम कारबाहीहरू अगाडि बढाउने भनी यस आयोगको मिति २०८२।१२।२० गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आयोगको निर्णय:**

विज्ञापन सूचना बमोजिम दोब्बर दस्तुरको अन्तिम मिति २०८१/०७/२७ भएकोमा आयोगले मिति २०८१/०७/२३ गते सम्मानित सर्वोच्च अदालतको उक्त आदेश कार्यान्वयनका लागि विज्ञापन यथास्थितिमा राखिएको सूचना प्रकाशन गरेको हुँदा सोही मितिले म्याद समाप्त हुन बाँकी जम्मा ४ (चार) दिनका लागि सोही स्थितिबाटै आवेदन पेश गरी भौचर Generate गरिसकेका आवेदकहरूको हकमा भौचरमा उल्लिखित नियमानुसार तोकिएको दस्तुर तिर्न पाउने र सिंगल दस्तुर म्याद मिति २०८१/०७/२० गतेका दिन तत्कालिन समयमा प्रकाशित विज्ञापनको सूचना अनुसार उमेर, शैक्षिक योग्यता लगायतका विज्ञापनसँग सम्बन्धित आवश्यक पर्ने अन्य सबै कागजातहरू भएका योग्य आवेदकहरूले मात्र समेत दोब्बर दस्तुरमा दरखास्त पेश गर्न पाउने ।

**दरखास्त पेश गर्ने म्याद :-** मिति २०८३ वैशाख २ गते देखि वैशाख ५ गते राती १२:०० बजे सम्म ।

**दस्तुर बुझाउने म्याद:-**

- अनलाइन मार्फत मिति २०८३ वैशाख २ गते देखि वैशाख ५ गते राती १२:०० बजे सम्म र,
- Offline Payment गर्ने उम्मेदवारहरूले अघिल्लो दिन नै भौचर प्रिन्ट गरी वैशाख ६ गते तोकिएको बैंकका शाखा कार्यालयबाट कार्यालय समय भित्र परीक्षा दस्तुर बुझाउनु पर्ने छ ।

**आवेदन पेश गर्ने र दस्तुर बुझाउने विधि:-** विज्ञापन सूचनामा उल्लिखित विधि र माध्यम अनुसार नै आयोगको वेबसाइट ppsc.lumbini.gov.np बाट अनलाइन प्रणालीमा गई Online Application Form मार्फत आवेदन पेश गर्न र Online मार्फत दस्तुर बुझाउन सकिनेछ ।

**आ.व. २०८१/०८२ का स्थगित अधिकृतस्तर आठौं/सातौं तहका पदहरूको विवरण:**

| क्र.सं. | विज्ञापन नं. | विज्ञापन किसिम | सेवा, समूह, उपसमूह | तह | पद | माग पद |
|---|---|---|---|---|---|---|
| १. | ५१०२७-५१०२९/२०८१-८२ | खुला तथा समावेशी | आयुर्वेद चिकित्सक | अधिकृतस्तर आठौं | प्रदेश स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | ४ |
| २. | ५१०३०-५१०३१/२०८१-८२ | खुला तथा समावेशी | डेन्टल सर्जन | अधिकृतस्तर आठौं | प्रदेश स्वास्थ्य, डेन्टिष्ट्री | ३ |
| ३. | ५०००६/२०८१-८२ | अन्तर तह | शाखा अधिकृत/लेखा अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश प्रशासन, सामान्य प्रशासन/लेखा | ४ |
| ४. | ५०००७-५००१४/२०८१-८२ | खुला तथा समावेशी | शाखा अधिकृत/लेखा अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश प्रशासन, सामान्य प्रशासन/लेखा | १९ |
| ५. | ५००१५-५००१६/२०८१-८२ | खुला तथा समावेशी | तथ्याङ्क अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश प्रशासन, तथ्याङ्क | ३ |
| ६. | ५१०३२/२०८१-८२ | खुला | कम्युनिटी नर्सिङ अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश स्वास्थ्य, कम्युनिटी नर्सिङ | १ |
| ७. | ५१०३३/२०८१-८२ | अन्तर तह | जनस्वास्थ्य अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | १ |
| ८. | ५१०३४-५१०३६/२०८१-८२ | खुला तथा समावेशी | इन्टोमोलोजिष्ट/जनस्वास्थ्य अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | ६ |
| ९. | ५१०३७/२०८१-८२ | खुला | मेडिकल रेकर्ड अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश स्वास्थ्य, मेडिकल रेकर्ड | १ |
| १०. | ५१०३८/२०८१-८२ | खुला | फार्मेसी अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश स्वास्थ्य, फार्मेसी | १ |
| ११. | ५१०३९/२०८१-८२ | खुला | बायोमेडिकल इन्जिनियर | अधिकृतस्तर सातौं | प्रदेश स्वास्थ्य, बायोमेडिकल इन्जिनियरिङ | १ |
| १२. | ५१०४०/२०८१-८२ | खुला | रेडियोग्राफी टेक्नोलोजिष्ट | अधिकृतस्तर सातौं | प्रदेश स्वास्थ्य, रेडियोग्राफी | १ |
| १३. | ५२००८/२०८१-८२ | खुला | हाइड्रोजियोलोजिष्ट/इन्जिनियर | अधिकृतस्तर सातौं | प्रदेश इन्जिनियरिङ, जियोलोजी, हाइड्रोजियोलोजी | २ |
| १४. | ५२००९/२०८१-८२ | खुला | नापी अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश इन्जिनियरिङ, सर्भे | १ |
| १५. | ५३००७/२०८१-८२ | अन्तर तह | बाली विकास अधिकृत/कृषि अर्थ अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश कृषि, कृषि (एकीकृत) | २ |
| १६. | ५३००८-५३०१०/२०८१-८२ | खुला तथा समावेशी | कृषि प्रसार/बागवानी विकास/बाली संरक्षण/बाली विकास/कृषि अर्थ/माटो विज्ञान अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश कृषि, कृषि (एकीकृत) | १४ |
| १७. | ५३०११/२०८१-८२ | खुला | मत्स्य विकास अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश कृषि, मत्स्य विकास | १ |
| १८. | ५३०१२/२०८१-८२ | खुला | पशु विकास अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश कृषि, ला.पो.डे.डे. | १ |

प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेश बुटवल, नेपाल

| क्र.सं. | विज्ञापन नं. | विज्ञापन किसिम | सेवा, समूह, उपसमूह | तह | पद | माग पद |
|---|---|---|---|---|---|---|
| १९. | ५३०१३/२०८१-८२ | अन्तर तह | पशु चिकित्सक | अधिकृतस्तर सातौं | प्रदेश कृषि, भेटेरिनरी | १ |
| २०. | ५३०१४-५३०१५/२०८१-८२ | खुला तथा समावेशी | पशु चिकित्सक | अधिकृतस्तर सातौं | प्रदेश कृषि, भेटेरिनरी | ३ |
| २१. | ५४००५/२०८१-८२ | अन्तर तह | वन अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश वन, जनरल फरेष्ट्री | ३ |
| २२. | ५४००६-५४०१३/२०८१-८२ | खुला तथा समावेशी | वन अधिकृत/भू-संरक्षण अधिकृत/तालिम तथा अनुसन्धान अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश वन, ज.फ./स्वा एण्ड वा.क./फ.रि. | १६ |
| २३. | ५५००३-५५००४/२०८१-८२ | खुला तथा समावेशी | शिक्षा अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश शिक्षा, शिक्षा प्रशासन | ३ |
| २४. | ५५००५/२०८१-८२ | खुला | पुरातत्व अधिकृत | अधिकृतस्तर सातौं | प्रदेश शिक्षा, पुरातत्व | १ |
| | | | | | जम्मा | ९३ |

प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेश बुटवल, नेपाल

(राजेन्द्र प्रसाद पौडेल)
वरिष्ठ अधिकृत
दरखास्त व्यवस्थापन शाखा

नोट:- मिति २०८१/०६/२८ गते प्रकाशित विज्ञापन सूचना नं. १०१/२०८१-०८२ को विस्तृत विवरण हेर्न यहाँ क्लिक गर्नुहोस्।


E-mail: ppsc.lumbini@gmail.com, Website:www.ppsc.lumbini.gov.np, Facebook:- ppsc.lumbini, Whatsapp 9857088697